# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३।०२।२०**

रामारोशन गाउँपालिका जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, अछाम जिल्ला अन्तर्गत रामारोशन गाउँपालिकामा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ, बहुउपयोगी र सिंचाई योजनाहरूका लागि परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामाग्री पाइप, फिटीङ्गस् तथा औजारहरू खरिद गर्नुपर्ने भएकोले दरभाउ पत्र साथ संलग्न परिमाण, र उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरुः**

| समुह | योजनाको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी र मु. अ. कर सहित ) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर फिर्ता) (नहुने | ढुवानी गर्नु प[र्ने] स्थान |
|---|---|---|---|---|
| समुह क | कुन्टाखोला बोगटा नेटाकोट खानेपानी तथा सरसफाई योजना रामारोशन गाउँपालिका, ५ अछाम | ५७,२१,०४७.६८ ( अक्षरुपी सन्ताउन्न लाख एक्काइस हजार सच्चालिस रुपैयाँ अड्सट्ठी पैसा मत्र ) | ३००० (अक्षरुपी तिन हजार मात्र) | जयगढ बजार अछाम सम्म |
| | नयाँवन खानेपानि तथा सरसफाई योजना रामारोशन गाउँपालिका, ६ अछाम | | | |
| | मडिल्ला खानेपानी तथा सरसफाइ योजना रामारोशन गाउँपालिका,६ अछाम | | | |
| समुह ख | भाम्का तल्लो दादेगाउँ सिचाई योजना रामारोशन गाउँपालिका, ७ अछाम | २५,९५,३३२.५३ ( अक्षरुपी पच्चीस लाख पन्चानब्बे हजार तीन सय बत्तीस रुपैयाँ त्रिपन्न पैसा मात्र ) | ३००० (अक्षरुपी तिन हजार मात्र) | जयगढ बजार अछाम सम्म |
| | टुनिखोला सिंचाई योजना रामारोशन गाँउपालिका, २ अछाम | | | |
| | विरबड्डे खानेपानी तथा सरसफाइ योजना रामारोशन गाउँपालिका, ३ अछाम | | | |
| | नर्सरी सैनी सनानिगाउँ बहुउपयोगी खानेपानी तथा सरसफाइ योजना रामारोशन गाउँपालिका, ५ अछाम | | | |

१) विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम तथा गुणस्तर/स्पेसिफिकेशन रामारोशन गाउँपालिकाको कार्यालयका साथै गाउँपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको निम्न वेबपेजबाट प्राप्त गर्न सकिने छ। रामारोशन गाउँपालिकाको वेभसाईटः **www.ramaroshanmun.gov.np** र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको वेभसाईटः **www.laccp.org.np**

२) दरभाउपत्र पेश गर्दा दरभाउ पत्र पेश गरिसक्नु पर्ने मिति पुर्व माथि तोकिएको दस्तुर **रामारोशन गाउँपालिकाको नबिल बैंक लिमिटेड रामारोशन शाखामा रहेको (आन्तरिक राजस्व खाता नं. ग-१-१) ०७७०१०१७५००३२४** मा जम्मा गरेको सक्कल भौचर सहित फर्म/सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८ औं (आठऔं) दिनको दिउसो १२:०० बजे भित्र रामारोशन गाउँपालिकाको कार्यालय र जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई बिरेन्द्रनगर सुर्खेतमा

पेश गरि सक्नु पर्नेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित समुहगत उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामाग्रीहरू, पाइप तथा फिटीङ्ग्स् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ। यदि कुनै सप्लायर्स वा फर्मले सिलबन्दी दरभाउ पत्र पेश गर्दा बैंक दाखिलाको सक्कल भौचर पेश नगरेमा सो सप्लायर्स वा फर्मको दरभाउ पत्र मुल्यांकन गरिने छैन ।

३) सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं (आठऔं) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४) सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन ।

५) उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी २०८३ जेठ २९ गते बिहान ११: ३० बजे रामारोशन गाउँपालिकाको कार्यालय शान्तडा अछाममा उपभोक्ता समितिका खरिद समिति प्रतिनिधिहरू, गाउँपालिका कार्यालयका प्रतिनिधिहरू , जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछन। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन

६) दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

७) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

१०) अन्य शर्तहरू जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको बाह्य निर्माण सामाग्री खरिद सम्बन्धीको सामुदायिक खरिद कार्यविधि २०८२ वमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११) यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना गाउँपालिकाको सूचना पाटी तथा गाउँपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको वेबपेजबाट जानकारि गरिनेछ ।

१२) अन्य थप जानकारी चाहिएमा रामारोशन गाउँपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाइ बिरेन्द्रनगर सुर्खेतमा सम्पर्क (९८४२३७८८९४/ ९८६८१३१४६६/०८३५९०४६८) गर्न सकिनेछ ।

**संयुक्त खरिद समिति**
**रामारोशन गाउँपालिका ,अछाम**